## मिति २०८०/०१/२६ गते १९औं कार्यपालिका बैठकको एजेण्डा

१. स्थानीय भू-उपयोग नक्शा सम्बन्धमा ।
२. आ.ब. २०८०/०८१ का लागि योजना छनौट मार्गदर्शन ।
३. प्रसुतीकेन्द्र स्थापना तथा संचालनको स्वीकृती सम्बन्धमा ।
४. मदरसाहरुलाई शैक्षिक सहायता सम्बन्धमा ।
५. विविध
   क. दाउन्ने देवि महिला बहुउद्देशीय सहकारी संस्थालाई सेफहाउस संचलान गर्न उपलब्ध शसर्त अनुदान सम्बन्धमा ।
   ख. सार्वजनिक बिदामा कार्यालय खुल्ने दिनहरुको जानकारी सम्बन्धमा ।
   ग. घर टहरा भत्काउने सम्बन्धमा । ( रामग्राम न.पा.- ३)
   घ. प्रमुख प्रशासकीय अधिकृतको मित्र राष्ट्र चीन भ्रमण सम्बन्धमा ।
६. अघिल्लो बैठकको समिक्षा र निर्णय पुनरावलोकन सम्बन्धमा ।

## मिति २०८०/०१/२६ गते १९औं कार्यपालिका बैठकको निर्णय

निर्णय नं. १ : बाटोको मापदण्ड संसोधन / सुधार सम्बन्धमा प्रस्ताव नं. १ माथी छलफल गर्दा मिति २०७९ पुष २५ को निर्णयमा वडा नं ६ को सडकको मापदण्ड र भू उपयोग क्षेत्र वर्गीकरणमा फरक परेको देखिएकोले तपसिल बमोजिम हुने गरी संसोधन गर्ने निर्णय गरियो ।

**भएको**

| क्र.सं | सडक / मार्गको नाम | सडक क्षेत्राधिकार (फुटमा) | दायाँबायाँ आवासीय क्षेत्र (मिटरमा) |
|---|---|---|---|
| १ | शेखर मार्ग | ४० | १०० |

**हुनु पर्ने**

| क्र.सं | सडक / मार्गको नाम | सडक क्षेत्राधिकार (फुटमा) | दायाँबायाँ आवासीय क्षेत्र (मिटरमा) |
|---|---|---|---|
| १ | शंकर मार्ग | २० | ५० |

निर्णय नं. २ : रामग्राम नगरपालिकाको भू-उपयोग योजना सम्बन्धमा प्रस्ताव नं. १ माथी छलफल गर्दा निम्न बमोजिमको निर्णय गरियो ।

क. परामर्श सेवा खरिद सम्झौता गरिएको म्याप नेपाल इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि संस्थाले रामग्राम नगर कार्यपालिका / स्थानीय भू उपयोग परिषदको बैठकमा प्रस्तुतिकरण गरिएको रामग्राम नगरपालिकाको स्थानीय भू उपयोग अध्यावधिक नक्शा संसोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

धनपति यादव
नगर प्रमुख

ख. श्री नापी विभागबाट उपलब्ध रामग्राम नगरपालिकाको वडागत सिमानाको नक्शा र स्थलगतरुपमा धेरै फरक परेकोले अध्यावधिक सुधार गर्न श्री नापी विभागलाई अनुरोध गरी पठाउने निर्णय गरियो

ग. स्वीकृत भू उपयोग नक्शा अनुसार अध्यावधिक कित्तागत विवरण यस नगरपालिकालाई उपलब्ध गराउन श्री नापी विभागलाई अनुरोध गर्ने निर्णय गरियो ।

घ. अध्यावधिक भू उपयोग नक्शा र कित्तागत विवरण समेतका आधारमा रामग्राम न.पा. को भू उपयोग योजनालाई अन्तिम रुप दिन आवश्यक पर्ने प्राविधिक सहयोगका लागि श्री नापी विभागलाई अनुरोध गर्ने । यसरी विभागबाट यस न.पा. मा खटिने जनशक्तीका लागि दैनिक भ्रमण भत्ता जस्ता सुविधा यस न.पा. बाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३ : प्रस्ताव नं. २ माथी छलफल गर्दा आ.ब. २०८०/०८१ को वार्षिक नीति, कार्यक्रम र बजेट तर्जुमा सम्बन्धमा नगरपालिकाका सदस्य सचिवबाट प्रस्तुत भएको मार्गदर्शन माथी छलफल गरि संसोधन सहित पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : प्रस्ताव नं. २ माथी छलफल गर्दा वडागत बजेट सीमा सम्बन्धमा विस्तृत छलफल गरियो । यसरी बजेट सीमा तर्जुमा गर्दा वडाको क्षेत्रफल, जनसंख्या, राजश्व सहभागीता र पूर्वाधार विकासको अवस्थाका आधारमा वडा वर्गिकरण गरी बजेट सीमा निर्धारण समितिले बजेट सीमा तयार पारी पठाउने निर्णय गरियो ।

निर्णय नं. ५ : प्रस्ताव नं. ३ माथी छलफल गर्दा रामग्राम १५ अन्तर्गत सुक्रौली स्वास्थ्य चौकीमा प्रसूती सेवा केन्द्र संचालनको लागि आवश्यक सबै पुर्वाधार, जनशक्ती तथा उपकरणहरू "आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका, २०७८ को अनुसूची १२ बमोजिम पुरा भएको र दफा १० को उपदफा १ अनुसार स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिले सुरक्षित प्रसुती केन्द्र स्थापनाको लागि निर्णय समेत गरेकोले सुक्रोली स्वास्थ्य चौकीमा प्रसुती सेवा केन्द्र स्थापनाको लागि स्विकृती प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : प्रस्ताव नं. ४ माथी छलफल गर्दा मदरसा हाटबजार, रामग्राम २ र मदरसा देवगाउँ रामग्राम १७ मा प्रारम्भिक बाल विकास कार्यक्रम / सहजकर्ता नभएको हुँदा ति दुबै विद्यालयहरुमा प्रारम्भिक बालविकास कक्षा सञ्चालनको लागि बाल विकास स.का. राखी अध्यापन कार्य सञ्चालन गर्न सहयोग स्वरुप रामग्राम न.पा.को ०७९/०८० को शैक्षिक संस्था सहायता शीर्षकबाट रु १६२००० का दरले अनुदान दिने निर्णय गरियो ।

निर्णय नं. ७ : प्रस्ताव नं. ५ माथी छलफल गर्दा

क. यस नगरपालिका वडा नं. ३ मा संचालनमा रहेको भनिएको सुरक्षित आवास (Safe House) का लागि संचालक दाउन्ने देवि महिला बहुउद्देशीय सहकारी संस्थाको प्रस्ताव प्राप्त भएको छ । चालु आ.ब. का लागि सेवाग्राहीको अभिलेख हेरी विल भर्पाइ, कार्य सम्पन्न प्रतिवेदन लिई संघीय सरकार शर्सत अनुदान खर्च शिर्षक **हिंसा पिडित महिला तथा किशोरी अल्पकालीन सेवा केन्द्र, सञ्चालन अनुदान** को रु. ५०००००।०० अक्षेरुपी पाँच लाख उपलब्ध गराउने । आगामी दिनमा सुरक्षित आवास संचालन गर्न ईच्छुक संघ / संस्थाबाट प्रस्ताव आव्हान गरी प्रतिस्पर्धात्मक ढाँचामा बढी लागत सहभागीता र सेवा गुणस्तर मापन गरी बजेट कार्यान्वयन गर्ने निर्णय गरियो ।

ख. नेपाल सरकारले संवत् २०८० साल बैशाख देखि चैत्र मसान्त सम्म सार्वजनिक विदाका दिनहरुमा सार्वजनिक सेवा नियमित रुपमा प्रवाह गर्ने विशेष ब्यवस्था गरे अनुरुप यस कार्यालय वा अन्तर्गतबाट नियमित सेवा प्रवाह हुने ब्यहोरा सम्बन्धित सबैमा जानकारी गर्ने निर्णय गरियो ।

ग. यस नगरपालिकाको वडा नं. ३ स्थित संगम टोल मार्गको दाँया वाँया सडक अधिकार क्षेत्र (ROW) भित्र बनेको मापदण्ड विपरितका घर / संरचना हटाउन पटकपटक सूचना गरिसकिएको बुझिएकोले सम्बन्धित ब्यक्तिलाई ७ सात दिनको लिखित सूचना दिई एवम स्थानीय प्रशासनलाई जानकारी गराई नगरपालिकाले त्यस्ता संरचना भत्काई हटाउने निर्णय गरियो । उक्त समयमा नगर कार्यपालिकाका सदस्यहरु उपस्थितभई सहयोग गर्ने । मापदण्ड विपरितका घर / संरचना भत्काई हटाउने कार्यलाई यस नगरपालिका क्षेत्रभित्र अभियानको रुपमा अगाडी बढाउने निर्णय गरियो ।

घ. यस कार्यकालयका प्रमुख प्रशासकीय अधिकृत श्री मान बहादुर खड्का श्री संघीय मामिला तथा सामान्य प्रशासन मंत्रालय काठमाण्डौंको मनोनयनमा मित्र राष्ट्र चीन जानलाग्नु भएको जानकारी भयो । उक्त अवद्यीमा कार्यालयको आर्थिक प्रशासन सहित दैनिक प्रशासनिक कार्य संचालन सुचारु राख्न लगाउने निर्णय गरियो ।

निर्णय नं. ८ : प्रस्ताव नं. ६ माथी छलफल गर्दा अघिल्लो बैठकमा भएका निणर्यहरु माथि समिक्षा गरियो ।

धनपत यादव
नगर प्रमुख